नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

## सिंहदरबार, काठमाडौं ।

**विषयः खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित (मिति २०७८।०५।१३)**

यस मन्त्रालयको चालु आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पत्रकारिता मार्फत खेलकुद क्षेत्रको विकास र विस्तारमा विशेष उल्लेखनीय योगदान पुऱ्याउनु हुने खेलकुद पत्रकारहरुलाई खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान १ (एक) जना, र खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार (सात प्रदेशबाट एक/एक जना गरी सात जना, एक महिला र एक जना दलित समुदायको समेत प्रतिनिधित्व हुने गरी) ९ (नौ) लाई सम्मान गर्ने कार्यक्रम रहेकाले, यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित सञ्चारगृहको सिफारिसमा व्यक्ति स्वयंम उपस्थित भै वा मन्त्रालयको इमेल **info@moys.gov.np** मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविध २०७६ संशोधन सहितको दफा ७ बमोजिमका छनोटका आधारहरुमा खेलकुदको विकास र विस्तारमा पुऱ्याएको योगदान, खोज तथा अनुसन्धान, निरन्तरता एवं क्रियाशिलता, सम्पादित कार्यको स्तरीयता र मोफसलका खेलकुद गतिविधिहरुको सूचना प्रकाशन वा प्रशारणमा पुऱ्याएको योगदान रहेका छन्। निवेदनको ढाँचा एवं अन्य विस्तृत जानकारीका लागि मन्त्रालयको फोन नं ०१-४२००५५० मा सम्पर्क गर्नुहुन वा website: www.moys.gov.np मा रहेको **खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७६, (पहिलो संशोधन)** हेर्नुहुन अनुरोध छ ।

**नोटः** आवेदकले आवेदन दिदा खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान वा खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार मध्ये कुन विधाका लागि पेश गरेको हो ? स्पष्ट खुलाई पेश गर्नुपर्नेछ ।